अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ८९
मितिः२०७७/०१/२१
उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | नगर कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १. | प्रदेशसभा सांसद माननीय | श्री वृख प्रधान | आमन्त्रित | |

## नगर कार्यपालिकाको बैठकका निर्णयहरु

*बैठक संख्या ८९* *मितिः २०७७/०१/२१*

**मिति २०७७ साल बैसाख २१ गतेको नगर कार्यपालिका बैठकका एजेण्डाहरु**

१. अर्जुनधारा नगरपालिकाको स्वामित्वमा रहेका भवनहरुबाट कार्यालयले संकलन गर्दै आएको बहाल शुल्क मिति २०७६ साल चैत्र ११ गते देखि लकडाउनको अवधि भरका लागि मिनाहा गर्ने । साथै, नगरपालिका क्षेत्रमा घर/कोठा वहाल लगाएका निजि घरधनीहरुलाई समेत बहाल छुट दिनका लागि आह्वान गर्ने ।

२. मिति २०७७ साल बैसाख १७ गते अर्जुनधारा नगरपालिकामा भएको सर्वपक्षीय बैठकले गरेका देहायानुसारका निर्णयहरु अनुमोदन गरी कार्यन्वयन गर्ने ।

**क.** अर्जुनधारा नगरपालिका भएर बहने नदीजन्य सामाग्री उत्खननका सम्बन्धमा पटक पटक ठेक्का आह्वान गर्दा तथा डाक बढाबढ गर्दा समेत ठेक्का बन्दोवस्त हुन नसकेकाले आइइ प्रतिवेदनले तोकेको स्थानमा नदीजन्य सामाग्री उत्खननका लागि क्रियाशिल ठेकेदार,निर्माण तथा क्रशर व्यवसायीसँग समन्वय गरी वार्ताको माध्यमबाट उत्खननको जिम्मा दिने नगरपालिकाको पूर्ववत निर्णय लकडाउनका कारण कार्यन्वयन गर्न नसकिएकोमा पुनः उक्त प्रक्रिया अघि बढाउने ।

**ख.** नि.नं. **क** अनुसार नदिजन्य सामाग्री उत्खननको जिम्मा दिंदा लकडाउनको अवधि भर नदीबाट सामाग्री उत्खनन गरी तोकिएको स्थान सम्म ढुवानी गरी घाट गद्दी गर्नका लागि प्रयोग हुने मेसिनरी उपकरण तथा सवारी साधनको सञ्चालन अनुमतिका लागि जिल्ला प्रशासन कार्यालय झापासँग अनुरोध गर्ने ।

**ग.** स्थानीय निर्माण व्यवसायी तथा श्रमिकहरुको माध्यमबाट निम्न बमोजिमका योजनाहरु पर्याप्त सावधानी अपनाएर सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

- अर्जुन चौकबाट मिलडाँडा हुँदै तामाङ चौक जोड्ने सडक कालोपत्रे ( वडा नं ४ र ७ )
- शनिश्चरे खुदुनाबारी सडक कालोपत्रे
- शहरी विकास कार्यालयबाट वडा नं १० र ११ मा सञ्चालित सडक कालोपत्रे योजना
- शनिश्चरे बहुमुखी क्याम्पस भवन निर्माण तथा वाल कम्पाउण्ड निर्माण आयोजना
- विपन्न लक्षित आवास निर्माण सम्बन्धि योजना
- विपद रोकथाम,व्यवस्थापसँग सम्बन्धित तारजाली बाँध्ने बुन्ने लगायतका योजनाहरु
- ठेक्का बन्दोवस्त भएका स्वास्थ्य संस्थाको भवन निर्माणसँग सम्बन्धित योजनाहरु

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं १, को च.नं. २६५७ मिति २०७७/०१/१७ को प्राप्त पत्रानुसार प्रदेश भित्रका सार्वजनिक विकास निर्माण,निर्माण सामाग्री आपूर्ती तथा सार्वजनिक निर्माण कार्यमा प्रयोग हुने सवारी साधनको पास व्यवस्थापन सम्बन्धमा उच्च प्राथमिकता साथ कार्य गर्न प्राप्त निर्देशन तथा जिल्ला प्रशासन कार्यालय झापाको च.नं.६५८९ मिति २०७७/०१/१७ को प्राप्त पत्रानुसार वर्षा याममा प्राकृतिक विपत्ती निम्त्याउन सक्ने खालका निर्माणाधिन पूर्वाधार विकासका योजनाहरु लगायत विपन्न नागरिक आवास कार्यक्रमहरु सञ्चालन गर्न सिफारिस माग भएकोमा नि.नं. २(ग) तथा देहायका योजनाहरु सञ्चालन गर्नका लागि जिल्ला प्रशासन कार्यालय झापामा सिफारिस गरी पठाउने ।

क. स्वास्थ्य संस्था भवन निर्माणसँग सम्बन्धित योजनाहरु

ख. संघीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (मा.पवित्रा निरौला खरेल) सँग सम्बन्धित कार्यक्रमहरु

ग. प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका योजनाहरु

घ. विद्यालय भवन , शौचालय निर्माण तथा प्रयोगशाला निर्माण/व्यवस्थापन सम्बन्धि योजनाहरु

ङ. संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गत सञ्चालित योजनाहरु

हरी कुमार राना मगर
नगर प्रमुख

च. नगर गौरवका योजनाहरु
छ. वडा नं ८ मा निर्माणाधिन कृषि भवन निर्माणसँग सम्बन्धित योजनाहरु
ज. वडा कार्यालयको भवन निर्माणसँग सम्बन्धित योजनाहरु
झ. शनिश्चरे बजारबाट पश्चिम जाने सडकमा पेभजे विच्छयाउने योजना
ञ. विभिन्न वडाहरुमा सञ्चालित सडक कालोपत्रे तथा पक्की नालासँग सम्बन्धित योजनाहरु

४. यस नगरपालिका कार्यालयबाट अनुमति लिई निर्माणाधिन अवस्थामा रहेका घर निर्माण कार्य लकडाउनका कारण स्थगित रहेको र नजिकिँदो वर्षा यामलाई मध्यनजर गर्दै तुरुन्त निर्माण सम्पन्न गर्नुपर्ने किसिमका निर्माण कार्यलाई स्थानीय श्रमिक तथा कामदारहरुको माध्यमद्वारा पर्याप्त सावधानी तथा सतर्कता अपनाएर सुचारु गर्न सम्बन्धित वडा कार्यालयले आवश्यक अनुगमन गरी सिफारिस गरी पठाउने।

५. नगरपालिका कार्यालयको पूर्व स्वीकृति विना वा नगरपालिकामा बुझाउनु पर्ने राजश्व नबुझाइकन कुनै सवारी साधनले नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन गरी ढुवानी गरिएको भेटिएमा ढुवानी गरिएको सामाग्रीको प्रचलित दरको दोब्बर दरले हुन आउने रकम कर संकलन गरी सवारीसाधनलाई देहायानुसार जरिवाना लगाउने।
ट्र्याक्टर रु पाँच हजार (ढुवानी प्रयोजनको ट्र्याक्टर बाहेक अन्यथा भएमा रु सात हजार पाँच सय मात्र )
टिप्पर दश हजार
हाइवा पन्ध्र हजार
उक्त जरिवाना रकमको पचास प्रतिशत रकम प्रोत्साहन बापत सूचक सुरक्षा निकायलाई उपलब्ध गराउने।

६. वार्ताको माध्यमबाट नदिजन्य सामाग्रीको ठेक्का बन्दोवस्त गर्नका लागि मिति २०७६/११/१९ को कार्यपालिका बैठकको नि.नं २ अनुसार गठित वार्ता समितिमा वडा नं ७ का अध्यक्ष श्री नवराम ढुङ्गाना तथा वडा नं १० का अध्यक्ष श्री बलदेवसिंह गोम्देनलाई सदस्यको रुपमा मनोनयन गर्ने।उक्त समितिलाई ७ दिन भित्र सम्बन्धित पक्षसँग वार्ता गरी प्रतिवेदन पेश गर्न जिम्मेवारी दिने।

७. विभिन्न क्रशर तथा अन्य व्यवसायीहरुले नदिबाट नदिजन्य सामाग्री उत्खनन गरी Stock गरी राखेका सामाग्रीहरुको मौज्दात नगरपालिका कार्यालयको योजना शाखा प्रतिनिधि, प्राविधिक शाखा प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि, वडाको जनप्रतिनिधि, स्थानीय राजनैतिक दलको प्रतिनिधि समेतको समिति गठन निरिक्षण गरी प्रमाणित गर्ने व्यवस्था मिलाउने। मौज्दात प्रमाणित गर्दा देहायानुसार कर संकलन गर्ने।
क्रशरमा रहेका मौज्दातको हकमा प्रति क्यू फिट रु ४.७५ दरले,उक्त रकम असार १५ गते भित्र जम्मा गर्न समय दिने।
अन्य व्यवसायीको मौज्दातको हकमा प्रति क्यू फिटका रु ५ का दरले।
उक्त समितिलाई जेठको अन्तिम साता तथा भदौ अन्तिम साता पुनः स्टक प्रमाणित गर्न उक्त समितिलाई जिम्मेवारी दिने।

८. लकडाउनबाट उत्पनन प्रतिकूल आर्थिक अवस्थाका कारण संघीय सरकारबाट प्राप्त हुने पूर्व घोषित विभिन्न अनुदानहरु कटौति हुने सम्भावना रहेको र नगरपालिकाको अनुमानित आन्तिरक आय समेत लक्ष्य अनुसार संकलन हुने सम्भावना नरहेकाले हाललाई विपद व्यवस्थापन,मर्मत सम्भार तथा सिँचाईसँग सम्बन्धित योजनाहरु बाहेक सम्झौता गर्न बाँकी योजनाहरु सम्झौता नगर्ने।

हरि बहादुर राना मगर
नगर प्रमुख

साथै, नगरपालिकाको चालु आर्थिक वर्षको अनुमानित आय व्यय,बजेट तथा कार्यक्रम समेत संशोधन गर्नु पर्ने भएकाले वडा समितिहरुसँग समन्वय गरी कटौति गर्नुपर्ने योजनाहरुको विवरण तयार गर्नका लागि देहायानुसारको समिति गठन गरी जिम्मेवारी दिने।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| उप प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य सचिव |

९. ८ नं वडा कार्यालयको कार्यालय व्यवस्थापन तथा विविध शीर्षकबाट खर्च लेख्ने गरी अवचेतन मनको कार्यशाला कार्यक्रम सञ्चालन गर्न केवलकप्टर डटकमसँग सम्झौता भएकोमा सम्झौता अनुसारको रकम रु १ लाख आगामी आर्थिक वर्ष नगरपालिकाको उपयुक्त शीर्षकबाट खर्च लेख्ने गरी भुक्तानी दिने।
साथै,अर्जुनधारा नगरपालिकाको गतिविधि तथां विशेषता सहितको वृत्त चित्र निर्माणका लागि आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी ईपूर्व मिडिया प्रा.लि.लाई रु ३ लाख विनियोजन गर्ने।

१०.हाल नगरपालिकाले व्यवसायीहरुको मौज्दात प्रमाणित नगरेको र सामाग्री उत्खननका लागि ठेक्का समेत बन्दोवस्त नभएकाले मौज्दात प्रमाणित नहुञ्जेल नगरपालिकाबाट नियमानुसार लाग्ने राजश्व संकलन गरी ढुवानीको व्यवस्था मिलाउने ।साथै,ढुवानीमा प्रयोग गरिने सवारी साधनहरु जिल्ला प्रशासन कार्यालयबाट सञ्चालन अनुमति लिई नगरपालिकामा सूचित गरेर मात्र सञ्चालन हुने व्यवस्था मिलाउने।

हरी कुमार राना मगर
नगर प्रमुख